# आकाशवाणी समाचार- नेपाली

मितिः ०५ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

- मतदाता सूचीहरूको विशेष गहन पुनरीक्षण- एस.आई.आर. को दोस्रो चरण नौ राज्यहरू र तीन केन्द्र शासित प्रदेशहरूमा हिज देखि शुरु भएको छ।

- उपराष्ट्रपति सी.पी. राधाकृष्णन आज छत्तीसगढको भ्रमणमा रहनुहुनेछ।

- भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं प्रधान मन्त्री नरेन्द्र मोदीले बिहार विधानसभा चुनावमा एनडीएले भारी मतले विजय प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

- कार्मिक, जना गुनासो एवं पेन्सन राज्य मन्त्री डा. जितेन्द्र सिंहले आज नयाँ दिल्लीमा राष्ट्रव्यापी डिजिटल जीवन प्रमाणपत्र अभियानको शुरुवात गर्नुहुनेछ।

- भारत र इजरायलले दुई देशबीच द्विपक्षीय रक्षा सहयोगको सम्भावनाहरु विस्तार गर्न एक सम्झौता पत्रमा हस्ताक्षर गरेको छ I

- सिख धर्मका संस्थापक तथा दश गुरुमध्ये प्रथम गुरु नानक देवको ५५६ औँ जन्मजयन्तीको अवसरमा आज देशभरि गुरुपर्व मनाइँदैछ।

**<u>एसआईआर -दोस्रो चरण</u>**

मतदाता सूचीहरूको विशेष गहन पुनरीक्षण- एसआईआर को दोस्रो चरण नौ राज्यहरू र तीन केन्द्र शासित प्रदेशहरूमा हिज देखि शुरु भएको छ। मतदाता सूचीहरुको यो व्यापक पुनरीक्षण अर्को वर्ष ७ फरवरीमा अन्तिम मतदाता सूचीको प्रकाशनसँगै समाप्त हुनेछ।एसआईआरको नयाँ चरणमा छत्तिसगढ, गोवा, गुजरात, केरला, मध्य प्रदेश, राजस्थान, तमिलनाडु, उत्तर प्रदेश, पश्चिम बंगाल, पुडुचेरी, लक्षद्वीप, अन्डमान र निकोबार द्वीपहरू समावेश हुनेछन्। यस मध्ये तमिलनाडु, पुडुचेरी, केरला र पश्चिम बंगालमा अर्को वर्ष विधानसभा चुनाव हुँदैछ। यस अवधिमा, प्रत्येक मतदाता, जसको नाम यस वर्ष २७ अक्टोबर सम्ममा मतदाता सूचीमा देखा पर्दछ, उनीहरूले एक बिशिस्ट मतगणना फारम प्राप्त गर्नेछन् जुन आंशिक रूपमा पहिले नै भरिएको हुनेछ। यी फारामहरूको वितरण शुरु भइसकेको छ र शतप्रतिशत गणना फारामहरू मुद्रित भई सका छन्। यी राज्यहरू र केन्द्र शासित प्रदेशहरूमा एक सहज र मतदाता-अनुकूल प्रक्रिया सुनिश्चित गर्न, 5 लाख 30 हजार भन्दा अधिक बुथ स्तर अधिकारीहरू, 7 लाख 60 हजार भन्दा अधिक बुथ स्तर एजेंटहरू, लगभग 10 हजार मतदाता पञ्जीकरण अधिकारीहरू र सहायक निर्वाचन पञ्जीकरण अधिकारीहरू सहित 300 भन्दा अधिक जिल्ला निर्वाचन अधिकारीहरू तैनाथ गरिएको छ।

**<u>1 -Byte-SIR</u>**

**<u>बिहान बिधानसभा चुनाउ</u>**

बिहारमा विधानसभा चुनावको पहिलो चरणको लागि १८ जिल्लाका १२१ निर्वाचन क्षेत्रहरूमा भोलि मतदान हुँदैछ। स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण मतदान सुनिश्चित गर्न व्यापक सुरक्षा व्यवस्था गरिएको छ। मतदान बिहान ७ बजे सुरु हुनेछ र बेलुकी

६ बजे समाप्त हुनेछ। तर, सुरक्षाका कारण सिमरी बख्तियारपुर, महिषी, तारापुर, मुंगेर, जमालपुर र सूर्यगढा विधानसभा क्षेत्रका ५६ मतदान केन्द्रमा मतदानको समय घटाएर साँझ ५ बजेसम्म सीमित गरिएको छ।

**उपराष्ट्रपति सी.पी. राधाकृष्णन -छत्तीसगढ़**

उपराष्ट्रपति सी.पी. राधाकृष्णन आज छत्तीसगढको भ्रमणमा रहनुहुनेछ। उहाँको यो पहिलो राज्य भ्रमण हुनेछ। भ्रमणको क्रममा उहाँ राज्यको २५ औं वार्षिकोत्सवको अवसरमा रजत जयन्ती समारोहसहित नव रायपुर र राजनन्दगाउँमा धेरै सार्वजनिक कार्यक्रमहरूमा भाग लिनुहुनेछ। उपराष्ट्रपति श्री राधाकृष्णन ले आज नव रायपुरको सेन्ध झीलमा भारतीय वायुसेनाको सूर्यकिरण एरोबेटिक टोलीद्वारा आयोजित एयर शोको अवलोकन गर्नुहुनेछ। त्यसपछि उहाँ राजनन्दगाउँमा हुने लखपति दिदी सम्मेलनमा प्रमुख अतिथिका रूपमा भाग लिनुहुनेछ।

**वित्तमन्त्री निर्मला सीतारमण- श्रीलंका**

वित्तमन्त्री निर्मला सीतारमण अनि विदेश मंत्री एस. जयशंकरले हिज श्रीलंकाका विपक्षी दलका नेता सजिथ प्रेमदासासँग भेट गर्नुभएको छ। भेटका क्रममा दुई नेताहरूले श्रीलंकाको आर्थिक पुनरुत्थान र द्विपक्षीय आर्थिक तथा निवेश सम्बन्धलाई अझ प्रगाड बनाउने उपायबारे चर्चा गर्नुभयो। श्री प्रेमदासाले संकटको समयमा र श्रीलंकाका जनताको विकास यात्रामा भारतले निरन्तर सहयोग गरेकोमा निर्मला सीतारमणलाई धन्यवाद दिनुभयो।डा. जयशंकरले श्रीलङ्काको प्रगति र विकासका लागि भारतको प्रतिबद्धता दोहोर्याउनु भएको छ।

**2 Byte- डाक्टर एस. जयशंकर**

**प्रधानमंत्री नरेन्द्र मोदी -बिहार विधानसभा चुनाव -संवाद**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधान मन्त्री नरेन्द्र मोदीले बिहार विधानसभा चुनावमा एनडीएले भारी विजय प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभएको छ। आज 'मेरा बुथ सबसे मजबुत ' कार्यक्रमको एक भागको रूपमा बिहारका महिलाहरूसँग संवाद गर्नुहुदै उहाँले भन्नुभयो -'बिहारका जनताले मन बनाइसकेका छन् कि यस पटकको एनडीएको जीतले विगत २० वर्षको रेकर्ड तोड्नेछ। उहाँले एनडीएले मात्र बिहारको विकास गर्न सक्ने बताउनु भएको छ।

**प्रधान मन्त्री नरेन्द्र मोदी- क्यूएस एशिया विश्वविद्यालय**

प्रधान मन्त्री नरेन्द्र मोदीले बितेको दशकमा क्यूएस एशिया विश्वविद्यालय रेंकिंगमा भारतीय विश्वविद्यालयहरूको संख्यामा रेकर्ड वृद्धि भएकोमा प्रशंसा गर्नुभएको छ। प्रधानमन्त्री श्री मोदीले सरकार अनुसन्धान र नवीनतामाथि ध्यान केन्द्रित गर्दै युवाहरूका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ।

मन्त्री डा. जितेन्द्र सिंह-डिजिटल जीवन प्रमाणपत्र अभियान

कार्मिक, जना गुनासो एवं पेन्सन राज्य मन्त्री डा. जितेन्द्र सिंहले आज नयाँ दिल्लीमा राष्ट्रव्यापी डिजिटल जीवन प्रमाणपत्र अभियानको शुरुवात गर्नुहुनेछ। एक महिना लामो अभियानका लागि देशका दुई हजार पाँच सय शिविरहरूमा सञ्चालन गरिने मन्त्रालयले जनाएको छ। अभियानको उद्देश्य अनुहार प्रमाणीकरण तकनिकी प्रयोग गरेर पेन्सनरहरूको डिजिटल सशक्तिकरणलाई बढावा दिनु रहेको छ।

**निर्वाचन आयोग - अंतर्राष्ट्रीय चुनाव आगंतुक कार्यक्रम 2025 शुरुआत**

निर्वाचन आयोगले हिज नयाँ दिल्लीस्थित भारतीय अंतर्राष्ट्रीय लोकतंत्र और चुनाव प्रबंधन संस्थानमा अन्तर्राष्ट्रिय चुनाउ आगन्तुक कार्यक्रम २०२५ को शुभारम्भ गरेको छ। ६ नोभेम्बर मा हुने बिहार विधानसभा चुनावको पहिलो चरणमा फ्रान्स, दक्षिण अफ्रिका, बेल्जियम, इन्डोनेसिया, फिलिपिन्स, थाइल्यान्ड र कोलम्बियाका १४ जना सहभागीहरुले मतदान को अवलोकन गर्नेछ। आयोग अनुसार यस कार्यक्रमको एक भागको रूपमा बिहारको दुई दिवशीय भ्रमणको क्रममा सहभागीहरूले इलेक्ट्रोनिक भोटिङ मेसिन प्रेषण केन्द्रहरूको भ्रमण गर्नेछन्। उद्घाटन सत्रमा सहभागीलाई विद्युतीय भोटिङ मेसिन, मतदाता सूची

तयार , चुनाउ सञ्चालनको प्रदर्शन गरिएको थियो। मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमार र निर्वाचन आयुक्त डा. विवेक जोशीले पनि सहभागीहरूसँग अन्तरक्रिया गर्नुभयो। अन्तर्राष्ट्रिय चुनाउ आगन्तुक कार्यक्रम चुनाउ आयोगको एक महत्वकांक्षी कार्यक्रम हो जसले अन्य देशका निर्वाचन प्रबन्धन निकायहरू तथा अन्तर्राष्ट्रिय संगठनहरूसँग अन्तर्राष्ट्रिय सहयोग र सम्पर्कलाई बढावा दिदछ ।

**इज़राइल भारत -विदेशमन्त्री**

इजरायलका विदेशमन्त्री गिदोन सारले भारतको दुई दिवशीय यात्रामा विदेशमन्त्री एस जयशंकर संग भेट गर्नुभएको छ l विदेश मन्त्रालयले एक बयानमा भनेको छ , दुई नेताहरूबीच भारत-इजरायल रणनीतिक साझेदारीको सम्पूर्ण पक्षहरुमा उपयोगी र विस्तृत चर्चा भएको छ। उहाँले राजनीति, सुरक्षा, कृषि, व्यापार र निवेश , रक्षा र मानिसहरुको सम्बन्धका साथै महत्वपूर्ण र उदीयमान प्रौद्योगिकिहरू, सेमिकन्डक्टर, साइबर सुरक्षा र कृत्रिम बुद्धिमत्ता जस्ता क्षेत्रमा जारी सहयोगको समीक्षा गर्नुभएको छ ।

**गुरु नानक जयन्ती**

सिख धर्मका संस्थापक तथा दश गुरुमध्ये प्रथम गुरु नानक देवको ५५६ औँ जन्मजयन्तीको अवसरमा आज देशभरि गुरुपर्व मनाइँदैछ। प्रत्येक वर्ष कार्तिक पूर्णिमामा मनाइने गुरुपर्व सामान्यतया अक्टोबर-नोभेम्बर महिनामा पर्दछ। यो सिख धर्मको सबैभन्दा पवित्र चाडहरू मध्ये एक हो, जहाँ भारत र विदेशका भक्तहरूले यो दिन उत्साहका साथ मनाउँछन्। यसैबीच, राष्ट्रपति द्रौपदी मुर्मुले गुरु नानक जयन्तीको अवसरमा सम्पूर्ण देशवासीमा शुभकामना व्यक्त गर्नुभएको छ। राष्ट्रपति मुर्मुले आफ्नो सन्देशमा यस अवसरले सबैलाई गुरु नानक देवका आदर्श र मूल्यहरू अपनाउन प्रेरणा दिनुका साथै राम्रो समाज निर्माणका लागि सबैलाई मार्गदर्शन गर्ने बताउनु भएको छ l

**3-byte-guru nanak**

**मौसम विभाग**

मौसम विभागले आज तमिलनाडु, पुडुचेरी र कराइकलका विभिन्न स्थानमा आज भारी वर्षा हुने सम्भावना व्यक्त गरेको छ। बिभागले आगामी केही दिनमा आन्ध्य प्रदेश, कर्नाटक, तेलंगाना र रायलसीमाका केही भागहरुमा हल्कादेखि मध्यम वर्षा हुन सम्भावना व्यक गरेको छ l

****** ० ******